आज मिति २०७८ साल चैत्र १३ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

| क.सं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नारायण वन | |
| २ | नगर उपप्रमुख | श्री बिमला देवी दुवाडी | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री शंकर सिं तमाङ्ग | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री तिलक राज पौडेल | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री गुप्तनाथ भट्टराई | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री रबिन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री कृष्ण महतो | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री बलराम दाहाल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री लाल बहादुर भट्ट | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री बिनोद बस्नेत | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री रोशन आचार्य | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री केशब आचार्य | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री शशी भक्त न्यौपाने | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री बीर बहादुर पाखिन | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री चित्र बहादुर भण्डारी | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री हरी कुमार श्रेष्ठ | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री हुमनाथ लामिछाने | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २० | कार्यपालिका सदस्य | श्री मिना गिरी | |
| २१ | कार्यपालिका सदस्य | श्री भोला देवी गौडेल | |
| २२ | कार्यपालिका सदस्य | श्री सरस्वति लामा | |
| २३ | कार्यपालिका सदस्य | श्री निर्मला कुमारी खड्का | |
| २४ | कार्यपालिका सदस्य | श्री रिता बि.क. | |
| २५ | कार्यपालिका सदस्य | श्री कृष्ण हरी परीयार | |
| २६ | कार्यपालिका सदस्य | श्री मन कुमारी बि.क. | |
| २७ | सचिव प्र.प्र.अ. | श्री शिशिर पौडेल | |

**अन्य उपस्थिती :**

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

श्री उर्मिला तमाङ्ग दाहाल

डा. श्री पंकज गिरी

निर्णय नं. १:

मिति २०७८।११।२५ गतेको कार्यपालिका बैठकको निर्णयका सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २:

रत्ननगर नगरपालिका वडा नं. १३, अमिलिया स्थित लालीगुराँस टोलमा रहेको डीप बोरिङ्ग पुरानो भई जीर्ण भएको र अनावश्यक ठाउँ लिएकोले हटाउन सम्बन्धित टोल विकास संस्थालाई अनुमती दिने निर्णय गरियो ।

निर्णय नं. ३:

रत्ननगर नगरपालिका वडा नं. ९ स्थित मिलिजुली मध्यवर्ती सामुदायिक वन उपभोक्ता समुहको कुमाल ताल र बिसहजारी ताल हुदै भरतपुर महानगरपालिका वडा नं. ६ देउनगरसम्म जाने प्रवेशद्धारमा पर्ने खगेरी खोलामा आवत जावत गर्न पुलको अभाव भएकोले SWAP Facilitation ManagerTBSU/HELVETAS, पुल्चोक, ललितपुरले झोलुंगे पुल निर्माणको लागि सहयोग गर्ने भएकोले नगरपालिकाको तर्फबाट १३% स्थानीय लागत सहभागिताको लागि प्रतिवद्धता सहित कार्यादेश दिने निर्णय गरियो ।

निर्णय नं. ४:

यस नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुले स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग माग गरेकोमा तपसिल बमोजिम आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल:

१. कार्यालय सहयोगी श्री जगदीश राउतलाई छोराको उपचारको लागि रु. २०,०००।-(बीस हजार) ।

२. चालक श्री कुमार सार्कीलाई मुटु सम्बन्धी उपचारको लागि रु. ५०,०००।- (पचास हजार)

निर्णय नं. ५:

रत्ननगर नगरपालिकाको नयाँ प्रशासनिक भवनको सभा हल र अन्य अधुरो निर्माण कार्य गर्न विविध/अन्य सार्वजनिक निर्माण शिर्षकबाट रु. १६,५०,०००।- (सोह्र लाख पचास हजार) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

वित्तिय सुशासन जोखिम मुल्यांकन कार्यविधि २०७७ वमोजिमका सूचकहरु माथि छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:

सामाजिक विकास समितिको सिफारिस वमोजिम निम्नानुसार आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल:

१. रत्ननगर नगरपालिका वडा नं. १६ निवासी उषा थापाको छोरी रेनिशा थापाको शारिरीक तथा मानसिक अपांगताको उपचारको लागि रु. १०,०००।- (दश हजार) उपलव्ध गराउने निर्णय गरियो ।

२. रत्ननगर १४ बस्ने जानुका नेपालीको घरमा मिति २०७८।११।१४ गते आगलागी भएकोले रु. १०,०००।-(दश हजार) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८:

समाहित शिक्षा लेखाजोखा केन्द्रको अपांगता भएका विद्यार्थीहरुको लागि जिल्लास्तरीय विशेष खेलकुद प्रतियोगितामा रु. ५०,०००।- (पचास हजार आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

सामाजिक विकास समितिको सिफारिस अनुसार तपसिल वमोजिम वजेट विनियोजन गर्ने निर्णय गरियो ।

१. खेल प्रवर्द्धन प्रयोजनका लागि रु. ३,००,०००।-

२. विद्यालय सेवा शुल्क (विधुत र खानेपानी) रु. ६,६५,०००।-

३. विपन्न वर्गका लागि रोगबाट पिडित भई उपचारार्थ आर्थिक सहयोगका लागि रु. २,००,०००।-

४. सोहना मा. वि. शैक्षिक तथा खेल सामाग्री व्यवस्था तथा छाहारी निर्माणका लागि रु. १,००,०००।-

निर्णय नं. १०:

यस न.पा. को चालु आ.व. को २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्राविधिक शिक्षालयको सहकार्यमा नर्सरी तथा सिकाई केन्द्र स्थापनाको लागि प्रकाशित सूचना वमोजिम प्रस्तावना पेश गर्ने श्री बैरिया मा. वि. रत्ननगर १०, चितवनले सिकाई केन्द्र स्थापनाको लागि जग्गा उपलव्धता तथा दीगो व्यवस्थापन र संचालनको लागि कार्य जिम्मेवारी लिने शर्तमा छनौट गरी द्विपक्षीय सम्झौता तयार गरी कार्यक्रम सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११:

नगरपालिकाको चालु आ. व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम कृषि अन्तर्गत विपन्न पिछडिएका समुदायसंग सामुहिक कृषि कार्यक्रमको लागि प्रकाशित सूचना वमोजिम प्रस्तावना पेश गर्ने तपसिलका सेवाग्राहीहरु क्रमश: श्री आकृति वचत तथा ऋण सहकारी संस्था लि. रत्ननगर १२ र चितवन र सपना मध्यवर्ती महिला मुसहर कृषिक समुह, रत्ननगर ७ चितवनलाई छनौट गरी तपसिल वमोजिमको रकम बीउ पुर्जी कोषको रुपमा उपलव्ध गराउने निर्णय गरियो।

तपसिल

| क.सं. | निवेदकको नाम थर | ठेगाना वडा नं. | टोल | फर्म/समुह/सहकारीको नाम | उपलब्ध गराईएको बीउपुजी कोष रकम |
|---|---|---|---|---|---|
| १. | कुसुमी माझी | ७ | मालपुर | सपना मध्यवर्ती महिला मुसहर कृषक समुह | १,२५,०००।- |
| २ | फुल कुमारी लामा | १२ | सालघारी | आकृति वचत तथा श्रण सहकारी संस्था लि | १,२५,०००।- |

**निर्णय नं. १२**

रत्ननगर नगरपालिका वडा नं. १५ र कालिका नगरपालिका वडा नं. ६ बीच कल्भर्ट निर्माणको लागि कालिका नगरपालिकालाई दिईए कार्यादेश वमोजिम रु. ५,००,०००।- (पाँच लाख) विविध सार्वजनिक निर्माण शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**

रत्ननगर नगरपालिकामा जननिर्वाचित पदाधिकारीहरुको वहाली (संघीय शासन प्रणाली) भएपश्चात रत्ननगर नगरपालिकाबाट सम्पाद भएका विकास निर्माण, कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन लगायतका क्षेत्रहरुका उल्लेखनिय कार्यहरु (असल अभ्यास) समेटी बृत्तचित्र निर्माणव लागि नगर गौरवका योजना शिर्षकबाट रु. ३,००,०००।- (तीन लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:**

नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने श्री माता कंकाली माई प्रा. लि. ले ल्याण्डफिल साईटमा औषधी छर्कने र फोहोरमैल व्यवस्थापनमा स्काभेटर प्रयोग भएवापतको खर्च भुक्तानी माग गरेकोमा स्थलगत निरिक्षण गरी यथार्थ काम भए नभएको एकीन गर प्रतिवेदन पेश गर्न निम्न अनुसार गठीत समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल:

संयोजक श्री शशीभक्त न्यौपाने, वडा अध्यक्ष, र.न.पा. ११
सदस्य श्री वीर बहादुर पाखिन, वडा अध्यक्ष, र.न.पा. १२
सदस्य श्री चित्र बहादुर भण्डारी, वडा अध्यक्ष, र.न.पा. १३
सदस्य श्री शंकर बहादुर कुंवर, प्राविधिक, र.न.पा.का.
सदस्य सचिव श्री धर्मराज अधिकारी, राजश्व उपशाखा प्रमुख

**निर्णय नं. १५:**

यस रत्ननगर नगरपालिकाको संरक्षकत्व र रत्ननगर उद्योग वाणिज्य संघ रत्ननगरको आयोजनामा मिति २०७८ फाल्गुण १५ देखि २४ गतेसम्म संचालित रत्ननगर महोत्सव २०७८ को कृषि परिसर सौजन्यका लागि रत्ननगर उद्योग वाणिज्य संघलाई रु. ३,००,०००।- (तीन लाख) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६:**

नेपाल निवृत्त शिक्षक समाज रत्ननगरलाई कार्यालय व्यवस्थापनको लागि रु. ५०,०००।- (पचास हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७:**

फर्निचर उद्योग तथा फर्निसिङ्ग व्यवसायी संघ चितवनको पत्रानुसार गनपेन्ट तालिम संचालनको लागि रु. ५०,०००।- (पचास हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८:**

वडा नं. १५ को अधुरो कालोपत्रे योजनामा विनियोजित रकमबाट तपसिल वमोजिम कालोपत्रे योजनामा बाँडफाँड गर्ने निर्णय गरियो ।

तपसिल:

१. गणेश टोल अधुरो कालोपत्रे — रु. १,५०,०००।- (एक लाख पचास हजार)
२. मेल्लरघारी-खोलेसिमल सडक कालोपत्रे — रु. ३,५०,०००।- (तीन लाख पचास हजार)

**निर्णय नं. १९:**

आ.व. २०७८।०७९ को तपसिल वमोजिम वडा तथा नगरपालिका स्तरिय वजेट तथा कार्यक्रमहरु आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी शिर्षकान्तर गर्ने निर्णय गरियो ।

आ.व. २०७८।०७९ को शिर्षकान्तर योजना

| वडा नं. | कार्यक्रम/आयोजनाको नाम | रकमान्तर हुने रकम | शिर्षकान्तर रकमान्तर हुने योजना तथा / कार्यक्रम | रकम |
|---|---|---|---|---|
| ७ | सार्वजनिक सुनुवाइ कार्यक्रम | १५००००।०० | वडाको विविध खर्च | ७५०००।०० |
| | | | आधारभूत स्वास्थ्य केन्द्रमा इन्भर्टर खरिद तथा कार्यालय व्यवस्थापन | ७५०००।०० |
| १६ | पशुपालक कृषकहरुलाइ ५० प्रतिशत अनुदानमा कृषी सामाग्री खरिद गरी वितवरण | ४५०००।०० | पशुपालक कृषकहरुलाइ ५० प्रतिशत अनुदानमा कृषी तथा पशु विमा कार्यक्रम | ४५०००।०० |
| ६ | बालमैत्री वडा घोषणा कार्यक्रम | १५००००।०० | बाल क्लव स्थापनाका लागि मर्मत तथा फर्निचर खरिद | १५००००।०० |